DENVER PUBLIC SCHOOLS | Student Equity and Opportunity
Success in School, Success in Life
780 Grant St., Denver, CO 80203
७२०–४२३–१४१६

फेब्रुअरी २४, २०१७

प्रिय डिपिएस समुदाय,

बितेका केही हप्ताहरू बीचमा कोलोराडोमा गलफुले (मम्प्स) भाइरसका धेरै केसहरू रिपोर्ट गरिए। हामी तपाईंसँग संलग्न गलफुले सावधानी साझा गर्दैछौं, जसले तपाईंलाई सो भाइरसको चिन्ह र लक्ष्यणहरूबारे र त्यसलाई फैलन रोक्ने बारे जानकारी प्रदान गर्नेछ।

गलफुले खोक्दा वा हाछ्यूँ गर्दा सर्छ वा सङ्क्रमित मानिसको रालसँग सीधा सम्पर्कमा हुँदा सर्छ, जस्तै कपहरू र खाने भाँडाहरू साझा गर्दा। चर्चहरू, स्कूलहरू, किराना पसलहरू र मनोरञ्जन केन्द्रहरूजस्ता सामुदायिक स्थानहरू गलफुलेको सम्पर्कमा आउने ठाउँहरू हुन्। त्यसैले त्यस्तो बिरामीको लक्ष्यण–रहित विद्यार्थीहरूले मात्र स्कूल जानु जरूरी छ।

विद्यार्थीहरूलाई गलफुले लाग्न बाट जोगाउने सर्वोत्तम उपाय भनेको उनीहरूलाई एमएमआर खोप लगाउनु हो। त्यस्ता स्थानीय एजेन्सीहरू धेरै छन् जसले निशुल्क वा न्यूनशुल्क खोप क्लिनिकहरू प्रदान गर्दछन्। यी क्लिनिकहरूका बारेमा वा आफ्नो विद्यार्थीको खोप रेकर्ड (हरू) का बारेमा जानकारीका लागि, कृपया स्कूल नर्ससँग सम्पर्क राख्नुहोस्।

हाम्रा स्कूलहरूभित्र कुनै पनि सङ्क्रमण फैलिएको विषयमा डिपिएसलाई सूचीकृत गरिएको छैन, त्यसैले हाम्रो समुदायमा त्यसको प्रभाव न्यूनतम हुनेछ भन्ने कुरामा हामी आशावादी छौं। हामीले राज्य र सामुदायिक स्वास्थ्य एजेन्सीहरूसित निरन्तर सम्पर्क व्यवस्थित गरेका छौं। हामी अतिरिक्त जानकारी उपलब्ध हुने बित्तिकै तपाईंलाई प्रदान गर्नेछौं।

धन्यवाद,

विद्यार्थी समानता र अवसर